सूर्यविनायक नगरपालिका, नगरकार्यपालिकाको मिति २०८१/०४/०३ गतेको १७२^औं बैठक

बैठक संख्या ३/१७२

आज मिति २०८१ साउन ३ गते बिहिबारका दिन यस सूर्यविनायक नगरपालिका नगर कार्यपालिकाको १७२ बैठक का.वा. नगर प्रमुख श्री सरिता तिमसिना भट्टराईज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा ब देहायका विषयमा छलफल तथा निर्णय गरियो ।

उपस्थिति :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| | श्री सरिता तिमसिना भट्टराई | का. वा. नगर प्रमुख | |
| २ | श्री सानुकाजी कायस्थ | वडा अध्यक्ष वडा नं. १ | |
| ३ | श्री प्रदिप कार्की | वडा अध्यक्ष वडा नं. २ | |
| ४ | श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. ३ | |
| ५ | श्री लछुराम न्यौपाने | वडा अध्यक्ष वडा नं. ४ | |
| ६ | श्री राजकुमार जोशी | वडा अध्यक्ष वडा नं. ५ | |
| ७ | श्री ईश्वर खड्का | वडा अध्यक्ष वडा नं. ६ | |
| ८ | श्री रविन्द्र सापकोटा | वडा अध्यक्ष वडा नं. ७ | |
| ९ | श्री पुष्पराज बस्नेत | वडा अध्यक्ष वडा नं. ८ | |
| १० | श्री भगवान खत्री | वडा अध्यक्ष वडा नं. ९ | |
| ११ | श्री शिवराम राउत | वडा अध्यक्ष वडा नं. १० | |
| १२ | श्री तारा खतिवडा सापकोटा | कार्यपालिका सदस्य | |
| १३ | श्री कमला पोखरेल | कार्यपालिका सदस्य | |
| १४ | श्री शर्मिला बस्नेत | कार्यपालिका सदस्य | |
| १५ | श्री सावित्री मिश्र | कार्यपालिका सदस्य | |
| १६ | श्री हेमा दाहाल खतिवडा | कार्यपालिका सदस्य | |
| १७ | श्री सुमन परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री प्रजुन तिखत्री | कार्यपालिका सदस्य | |
| १९ | श्री सुनिल भुजेल | कार्यपालिका सदस्य | |
| २० | श्री तारानाथ लुइटेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

आमन्त्रित:

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | राजेन्द्र प्रसाद नेपाल | व. शाखा अधिकृत | |
| २ | पुष्पराज न्यौपाने | शाखा अधिकृत | |

*सूर्यविनायक नगरपालिका, नगरकार्यपालिकाको मिति २०८१/०४/०३ गतेको १७२ औं बैठक*

**प्रस्तुत प्रस्तावहरु:**

१. समिक्षा सम्बन्धमा।

२. करार कर्मचारीहरुको सेवा करार म्याद थप सम्बन्धमा।

३. आ.व. २०८१/०८२ को योजना तथा कार्यक्रम कार्यान्वियन सम्बन्धमा ।

४. निगरानी निकायहरुको सुझाव कार्यान्वयन सम्बन्धमा।

५. सम्पति विवरण सम्बन्धमा ।

६. विविध।

**निर्णयहरु:**

**निर्णय नं. १. अघिल्लो कार्यपालिका बैठकको समिक्षा**

कार्यपालिकाको १७१ औं लगायत विगतका बैठकका निर्णयहरु कार्यान्विनयको अवस्था बैठकमा प्रस्तुत भई आवश्यक छलफल तथा समिक्षा भयो । विस्तृत समिक्षाको लागि समयभित्रै वार्षिक समिक्षा कार्यक्रम गर्न कार्यालयलाई निर्देशन दिने । साथै गत आ.व. को वार्षिक विकास योजना तथा कार्यक्रमहरुको कार्यान्वयको समग्र संक्षिप्त समिक्षा सहित विगतका राम्रा पक्षको निरन्तरता दिने र कमजोरीहरु सुधार गर्ने।

**निर्णय नं. २. करार कर्मचारीहरुको सेवा करार म्याद थप सम्बन्धमा।**

यस नगरपालिका मातहतमा विगत देखी नै सेवा करारमा कार्यरत रहेका सम्पूर्ण कर्मचारीहरुको नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी भएको करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८ बमोजिम मूल्याङ्कन गरी न्यूनतम् ८० अंक प्राप्त गर्ने कर्मचारीहरुको सम्बन्धित कार्यालय, शाखा, ईकाइ प्रमुखहरुको सिफारिसको आधारमा तत् तत् पद/तह र स्थानमा अधिकतम तीन महिना (२०८१ असोज मसान्त) सम्मको लागि सेवा करार म्याद थप गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी / अख्तियारी / निर्देशन दिने।

**निर्णय नं. ३. आ.व. २०८१/०८२ को योजना तथा कार्यक्रम कार्यान्वियन सम्बन्धमा ।**

यस नगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि सबै शाखा/ईकाईहरुलाई साउन महिना भित्र आ-आफ्नो शाखा अन्तर्गतको वार्षिक कार्ययोजना, वार्षिक खरिद योजना तयार गरी अर्को बैठकमा पेश गर्न/गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

निर्णय नं. ४. निगरानी निकायहरुको सुझाव कार्यान्वयन सम्बन्धमा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, महालेखा परीक्षकको कार्यालय, जस्ता निगरानी निकायहरु तथा नेपाल सरकार, प्रदेश सरकार बाट प्राप्त भएका सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मिति २०८१ असार ५ गते च.नं. ६५४ को (अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/०२/३१ च.न.०८०।०८१-७०३१६)पत्रानुसारको सुझाव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मिति २०८१ जेष्ठ ३२ गते च.नं. ६३७ को पत्रानुसारको सार्वजनिक पदमा नियुक्ति सम्बन्धमा सुझाव लगायत विभिन्न सुझाव तथा निर्देशनहरुको प्रभावकारी कार्यान्वयन गर्न कार्यालय तथा मातहतका सम्बन्धित कार्यालय / शाखा / इकाईहरु मार्फत देहाय बमोजिम गर्न गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

निर्णय नं. ५. सम्पति विवरण सम्बन्धमा ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ क. को उपदफा (१) को व्यवस्था बमोजिम आर्थिक वर्ष शुरु भएको वा सार्वजनिक पदमा नियुक्ति भएको मितिले साठी दिन भित्र सम्पति विवरण पेश गर्नु पर्ने प्रावधानको पुनः स्मरण भइ सबै पदाधिकारी तथा कर्मचारीहरुलाई गत आ.व. २०८०/०८१ को सम्पति विवरण मिति २०८१ साउन २० गते भित्र कार्यलयमा पेश गर्न जानकारी गराउने।

निर्णय नं. ६. विवध ।

क) रेडक्रस सोसाइटी संगको सम्झौता नविकरण: नगरवासी नागरिकहरुको स्वास्थ्य उपचारको क्रममा आवश्यक पर्ने रगत निशुल्क उपलब्ध गराउनको लागि नेपाल रेडक्रस सोसाइटी भक्तपुर रक्तसञ्चार सेवा, भक्तपुर संग गत आ.व. मा गरिएको द्वि पक्षिय सम्झौतालाई चालु आ.व. २०८१।०८२ लागि समेत सम्झौता नविकरण गर्ने।

ख) निर्माण दररेट: आ.व. २०८१/०८२ को सार्वजनिक निर्माणको लागि ज्याला, ढुवानी तथा निर्माण सामाग्रि दररेट सम्बन्धमा जिल्ला दररेट निर्धारण समिति, भक्तपुरबाट स्वीकृत भएको दररेट नै कायम गर्दै सार्वजनिक निर्माण तथा खरिद सम्वन्धी कार्यको लागि कार्यालयबाट पेश भएको दर विश्लेषण सहितको दररेट स्वीकृत गर्ने ।

ग) आन्तरिक आयको ठेक्का बन्दोबस्त: सूर्यविनायक नगरपालिका राजश्व परामर्श समितिको मिति २०८१/०४/०१ गतेको बैठकको निर्णय एवं सिफारिस अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सूर्यविनायक नगरपालिकाको आन्तरिक आय सङ्कलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ को प्रावधान वमोजिम विभिन्न क्षेत्रको राजश्व असुली सम्वन्धी कार्य प्रतिस्प्रधात्मक बनाउन

*सूर्यविनायक नगरपालिका, नगरकार्यपालिकाको मिति २०८१/०४/०३ गतेको १७२औं बैठक*

यस नगरपालिकाको वडा नं. ९ र १० जोड्ने झोलुङ्गे पुलको वहाल विटौरी कर, नगरपालिका क्षेत्र भित्रको विज्ञापन कर र कवाडी कर संकलनको लागि गत आ.व. २०८०/०८१ को सम्झौता रकममा दश प्रतिशतले वृद्धि गरी तपसिल अनुसारको न्यूनतम कबोल अंक कायम गरी आगामी २ वर्ष अवधिको ठेक्का बन्दोबस्तको लागि ठेक्का आव्हान गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

| क्र.सं. | आय क्षेत्र विवरण | साविक सम्झौता रकम रु | | आ.व. २०८१/०८२ को लागि | | आ.व. २०८२/०८३ को लागि |
|---|---|---|---|---|---|---|
| | | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | वृद्धि | न्यूनतम् मूल्याङ्कन भएको रकम रु | आ.व. २०८१/०८२ को सम्झौता रकममा १० प्रतिशत वृद्धि गरी आ.व. २०८२/०८३ को लागि सम्झौता रकम कायम हुनेछ। |
| १ | सू.न.पा. क्षेत्र भित्र कवाडी कर संकलन | १५,००,००१। | १६,५०,००१। | साविकमा न्यूनतम १० प्रतिशत वृद्धि गर्ने। | १८,१५,००० | |
| २ | साँगाको झोलुङ्गे पुलको प्रवेश शुल्क तथा टहराहरुको विरौटी शुल्क असुली | ३१,९०,२६६। | ३५,९०,२९६। | | ३९,५०,००० | |
| ३ | सू.न.पा. क्षेत्र भित्र विज्ञापन कर संकलन | ५२,०४,९९९। | ५७,२५,४९९। | | ६३,००,००० | |

२०८१/०४/०५

४